१७ औं प्रतिदिन वार्षिकोत्सव


राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY




विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१७ ।। अङ्क : ३१८ ॥ २०८२ माघ ०७ गते बुधबार (21st Jan 2026 Wednesday) | Pratidin National Daily | मूल्य-रु.५/-

# बालेन उत्साहित, केपी आक्रोशित





झापा, माघ ६ । उम्मेदवारी दर्ताका दिन देखिएको हजारौ समर्थकहरुको उपस्थितिले झापा क्षेत्र नं ५ मा चुनाव जित्ने कुरामा राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन शाह उत्साहित भएका छन् । त्यति धेरैको जनसमर्थन पाएका बालेनको जित निश्चितजस्तै भएको छ । गोर्खा डिपार्टमेन्ट स्टोरबाट शुरु भएको ऱ्याली दमक ८ स्थित कृषि भवनमा रहेको निर्वाचन कार्यालयसम्म पुगेको थियो ।
बालेनले ५ नं निर्वाचन कार्यालयमा मनोनयन दर्ता गराएका छन् । निर्वाचन अधिकृत विदुरकुमार कार्कीले बालेनको उम्मेदवारी दर्ता गरेका हुन् ।
बालेनको पक्षमा देखिएको जनउभार देखेर प्रतिष्पर्धी नेकपा एमालेका अध्यक्ष केपी ओलीको सातो गएको हुनसक्ने सामाजिक संजाल प्रयोगकर्ताहरुले टिप्पणी गरेका छन् । आगामी प्रतिनिधिसभा निर्वाचनमार्फत राष्ट्रिय राजनीतिमा पाइला अघि बढाएका बालेन जता गए त्यतै भीड देखिने गरेको छ ।
उम्मेदवारी दर्ता गराएपछि उम्मेदवार बालेनले आफ्नो समर्थनमा मासु भात र पेट्रोलको लोभमा हजारौको भीड नआएको बताएका छन् ।
उम्मेदवारी दर्तापछि उत्साहित भएका बालेनले देश विकास र समृद्धिको परिवर्तन चाहने शिक्षित सोच र आशा बोकेको भीड भएको बताएका छन् ।
सामाजिक संजालमार्फत आभार व्यक्त गर्दै उनले लेखेका छन् ,' झापा क्षेत्र नं ५ को मायाको लागि म निशव्द भएको छु । '
वर्षौदेखि आफ्नो विरासत जमाएर बसेका ओलीको झापा ५ मा बालेनको वाहवाहीले ओलीसंगै उनका कार्यकर्ता आक्रोशित भएका छन् । एमालेको झण्डा छोएको विषयमा रास्वपा र एमालेका कार्यकर्ताबीच दमकमा सामान्य झडपसमेत भएको थियो । केपी शर्मा ओली र बालेन्द्र (बालेन) शाहको सम्बन्ध निकै अगाडिदेखि तिक्त रहेको छ । बालेनले काठमाडौं महानगरको मेयर जित्दा नेकपाका संयोजक पुष्पकमल दाहाल प्रचण्डले लोकतन्त्रको सुन्दर फूल भन्दा ओलीको अर्कै अहंकार थियो । यद्यपि, दुई नेताले सम्बन्ध सुधारको प्रयास नगरेका होइनन् ।
आफूलाई भेट्न बालकोट पुगेका बालेनलाई तबला दिएर ओलीले सम्बन्ध सुधारको संकेत गरेका थिए । तबलाको सांगीतिक धुनले सम्बन्धको सुरमा काम गरेन । उनीहरूबीच आरोपप्रत्यारोप भइरह्यो । एमाले अध्यक्षको हैसियतमा हुँदा होस् वा प्रधानमन्त्री हुँदा पनि बालेनप्रति ओलीले टिप्पणी गरिरहे, अनि बालेनले थप रोष प्रकट गरेर आक्रोश पोखिरहे । कतिपय अवस्थामा सडकमा पनि बालेन र एमालेबीच भिडन्त भयो ।
न्युरोड सडक विस्तार होस् वा प्रशासकीय अधिकृत सरुवामा होस् ओली र बालेनबीच आरोपप्रत्यारोप र प्रतिष्ठाको लडाइँ भएको थियो । जेन-जी विद्रोहपछि सम्बन्ध झन् तिक्त बनेको थियो । त्यहीकारण, बालेन एमाले अध्यक्ष ओलीसँग चुनावी प्रतिस्पर्धा गर्न झापा ५ गएको देखिन्छ ।
राजनीतिक विश्लेषकले यसलाई प्रतिशोधको राजनीतिको रूपमा अर्थ लगाइरहेका छन् । त्यसैले, झापा ५ लाई अहिलेको चुनावको इपिसेन्टरको रूपमा व्याख्या गरिएको छ । आमचासो नै 'बा' र बालेनको चुनावी प्रतिस्पर्धामा देखिएको छ ।
ओलीको लामो विरासत रहेको झापा बालेनका लागि नौलो हो । तर नयाँ पुस्ताले खोजेको रुपान्तरणको साहस र ऊर्जा बोकेर आएका छन् बालेन । झापाको राजनीतिक अवस्थिति र खेलोफड्को भने बालेनका लागि त्यो ऊर्जाभन्दा बढ्ता बोझिलो बन्ने खतरा पनि रहेको छ । त्यसमा पनि दुवै जना अहिले भावी प्रधानमन्त्रीको उम्मेदवार पनि हुन् । त्यसकारण पनि यो चुनावी प्रतिस्पर्धालाई निकै रोचक र अर्थपूर्ण रूपमा हेरिएको छ ।
संसदीय चुनावमा आठौँपटक उम्मेवार बनेका ओलीका लागि यसपटक बालेन अहिलेसम्मकै कडा प्रतिस्पर्धी बन्नसक्ने देखिन्छ । २०६४ मा तत्कालीन माओवादी उम्मेदवार विश्वदीप लिङ्देनसँग पराजित भएका ओली त्यसअघि र पछिका बाँकी ६ वटा चुनावमा जित हासिल गरेका थिए ।त्यसो त, फागुन २१ को चुनावमा पनि ओलीले बालेनलाई ३० हजारभन्दा बढी मतान्तरले पराजित गर्ने दाबी गरेका छन् । २०७९ को चुनावमा निकटतम् प्रतिद्वन्द्वी कांग्रेसका खगेन्द्र पाण्डब अधिकारीलाई २९ हजारभन्दा बढी मतान्तरले पराजित गरेको स्मरण गर्दै मंगलबार उम्मेदवारी दर्ता गर्ने क्रममा पत्रकारहरूमाझ ओलीले भने, 'अघिल्लो चुनावको मतपरिणाम तपाईंहरूलाई थाहै छ । डबलभन्दा बढी मत ल्याएर मैले चुनाव जितेको थिए । योपटक पनि २९-३० हजारभन्दा बढी भोटको फरकमा मैले चुनाव जित्छु ।' आगामी चुनावका लागि झापा-५ मा १५ दल र ९ स्वतन्त्रसहित २४ जनाले उम्मेदवारी दर्ता गराएका छन् । झापा-५ मा कुल एक लाख ६३ हजार ३७९ मतदाता छन् । तीमध्ये ९ हजार ९० नयाँ मतदाता थपिएका हुन् ।

## उत्साहजनक र शान्तिपूर्ण रूपमा उम्मेदवारको मनोनयन दर्ता

झापा , माघ ६ । आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि झापाका पाँचवटै क्षेत्रसहित देशभरका निर्वाचन क्षेत्रमा उत्साहजनक रूपमा उम्मेदवारको मनोनयनपत्र दर्ता भएको छ ।
आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि पहिलो हुने निर्वाचित हुने प्रणाली (प्रत्यक्ष) तर्फका उम्मेदवारको मनोनयनपत्र दर्ता गर्न निर्वाचन आयोगले मंगलबार बिहान १० देखि साँझ ५ बजेसम्म सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा समय निर्धारण गरेको थियो ।
आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको प्रत्यक्षतर्फ देशभरका १६५ वटै निर्वाचन क्षेत्रमा बेलुकी ६ बजेसम्म दुई हजार ९२५ उम्मेदवारले उम्मेदवारी दर्ता गराएका छन् ।



उम्मेदवारी दर्ता भएपछि मंगलबार बेलुकी निर्वाचन आयोगले आयोजना गरेको पत्रकार सम्मेलनमा सचिव कृष्णबहादुर राउतले ३३६ महिला र दुई हजार ५८९ पुरुषले उम्मेदवारी दर्ता गराएको आयोगको प्रणालीमा आएको जानकारी गराए । अझै कतिपय निर्वाचन क्षेत्रमा रुजुको काम भइरहेकाले यसमा केही बढ्न सक्ने उनले बताए ।
कम दर्ता भएको मुस्ताङमा चार वटा मात्र उम्मेदवारी दर्ता भएको छ । यसैगरी मनाङमा पाँच जनाको उम्मेदवारी दर्ता भएको जानकारी पनि

❖ बाँकी पृष्ठ ४ मा

## झापामा २१ वटा दलका ९० जनाले गराए उम्मेदवारी दर्ता

झापा, माघ ६ । आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि झापामा विभिन्न २१ वटा राजनीतिक दल र स्वतन्त्र गरी ९० जनाले उम्मेदवारी दर्ता गराएका छन् ।
आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि पहिलो हुने निर्वाचित हुने प्रणाली (प्रत्यक्ष) तर्फको उम्मेदवारीको मनोनयनपत्र दर्ता गर्न निर्वाचन आयोगले मंगलवार बिहान १० देखि साँझ ५ बजेसम्म सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा समय निर्धारण गरेको थियो ।

**मेचीनगर ७ स्थित झापा निर्वाचन क्षेत्र न १ निर्वाचन अधिकृत कार्यालयमा मनोनयन दर्ता गराउने उम्मेदवारहरु**

१)राष्ट्रिय स्वतन्त्र पार्टी - निशा डाँगी
२)मंगोल नेशनल अर्गनाइजेशन- सन्तोष तामाङ
३)श्रम संस्कृतिक पार्टी -केवलराम राई
४)नेपाल कम्युनिस्ट पार्टी एमाले -रामचन्द्र उप्रेती
५)नेपाली कम्युनिस्ट पार्टी -१ अशेष घिमिरे
६)उज्यालो नेपाल पार्टी -नरेशकुमार लावती
७)राष्ट्रिय प्रजातन्त्र पार्टी - हेमराज कार्की
८) नेपाली कांग्रेस -केशवराज पाण्डे
९) स्वतन्त्र उम्मेदवार -दुर्गाबहादुर साँवा लिम्बू
१०)स्वतन्त्र उम्मेदवार -गणेशकुमार पोखरेल
११) नेपाल जनमुक्ति पार्टी -खान्द्रु कुरुवा
१२) संघीय लोकतान्त्रिक राष्ट्रिय मंच -१ मनबहादुर साँवा लिम्बू
१३) जनता समाजवादी पार्टी -रमा मेचे
१४) नेपाल मजदुर किसान पार्टी - हिरणकुमार भट्टराई
१५) नेपाल सदभावना पार्टी -ओलिन राजवंशी

**अर्जुनधारा ८ स्थित झापा निर्वाचन क्षेत्र न २ निर्वाचन अधिकृत कार्यालयमा मनोनयन दर्ता गराउने उम्मेदवारहरु**

१ )राष्ट्रिय प्रजातन्त्र पार्टी - भद्रप्रसाद नेपाल
२ )राष्ट्रिय स्वतन्त्र पार्टी-इन्दिरा राना मगर
३) मंगोल नेशनल अर्गनाइजेशन- अकलबहादुर तामाङ
४) नेपाल मजदुर किसान पार्टी- चन्द्रकुमारी गारु
५) जनता समाजवादी पार्टी - तिलबहादुर राई
६ )श्रम संस्कृति पार्टी-केशवबहादुर भण्डारी
७) नेकपा एमाले- देवराज घिमिरे
८) नेपाली कम्युनिस्ट पार्टी-धर्मशिला चापागाई
९) नेपाली कांग्रेस-सरिता प्रसाई
१०) उज्यालो नेपाल पार्टी -चुडा कर्ण बेघा
११) नेपाल कम्युनिस्ट पार्टी ( संयुक्त )-श्रीप्रसाद सिटौला
१२) स्वतन्त्र उम्मेदवार- पुण्यप्रसाद आचार्य
१३) स्वतन्त्र उम्मेदवार -युवराज संग्रौला
१४ )संघीय लोकतान्त्रिक राष्ट्रिय मंच- अमृता लावती
१५) नेपाल कम्युनिस्ट पार्टी (माओवादी)- अर्जुनकुमार पाण्डे
१६) स्वतन्त्र उम्मेदवार - रमेशकुमार कार्की
१७) जनमत पार्टी - रमेशकुमार राजवंशी
१८)नेपाल जनमुक्ति पार्टी-मानबहादुर पुलामी मगर

**त्यस्तै चन्द्रगढीस्थित झापा निर्वाचन क्षेत्र नं ३ निर्वाचन अधिकृत कार्यालयमा मनोनयन दर्ता गराउने उम्मेदवारहरु**

१)राष्ट्रिय स्वतन्त्र पार्टी - प्रकाश पाठक
२)नेपाल मजदुर किसान पार्टी - धर्मलक्ष्मी लधु (महिला)
३)राप्रपा - राजेन्द्र लिङ्देन
४)जनमत पार्टी -हर्षलाल राजवंशी
५)मंगोल नेशनल अर्गनाइजेसन - यमकुमार श्रेष्ठ
६)श्रम संस्कृति पार्टी -दिपक तिम्सिना
७) नेकपा एमाले -हरि राजवंशी
८) नेपाली कांग्रेस -राजेन्द्रकुमार घिमिरे
९) नेपाली कम्युनिस्ट पार्टी -डिल्लीराम घिमिरे
१०)जसपा -बिनिताकुमारी राजवंशी
११)स्वतन्त्र -मानबहादुर संग्रौला
१२)उज्यालो नेपाल पार्टी- श्यामकृष्ण पाठक
१३)संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च - चन्द्रकला साँवा
१४)जसपा नेपाल - कर्णलाल राजवंशी
१५)स्वतन्त्र - अभय राजवंशी
१६)नेशनल रिपब्लिक नेपाल - जयन मगर
१७)नेकपा (माओवादी बिप्लब ) - सन्तोष कट्वाल

**त्यस्तै कन्काई १ स्थित झापा निर्वाचन क्षेत्र नं ४ निर्वाचन अधिकृत कार्यालयमा मनोनयन दर्ता गराउने उम्मेदवारहरु**

१)राष्ट्रिय प्रजातन्त्र पार्टी -भक्तिप्रसाद सिटौला
२)राष्ट्रिय स्वतन्त्र पार्टी -शम्भु प्रसाद ढकाल
३)मंगोल नेशनल अर्गनाइजेशन -दिलिप धिमाल
४) नेपाल कम्युनिस्ट पार्टी मार्क्सवादी (पुष्पलाल )-टेकबहादुर अधिकारी
५)श्रम संस्कृति पार्टी -अमृतादेवी राई
६)नेपाल .कम्युनिस्ट पार्टी (एमाले ) - लालप्रसाद साँवा लिम्बू
७) नेपाली कम्युनिस्ट पार्टी -पुरुषोतम चुडाल
८)नेपाली कांग्रेस -देउकुमार थेवे
९)संघीय लोकतान्त्रिक राष्ट्रिय मंच -किरण लिम्बू लिङदेन
१०) उज्यालो नेपाल पार्टी -सन्तोष तामाङ
११) नेपाल कम्युनिस्ट पार्टी (माओवादी )- ताराबहादुर थापा
१२) नेपाल मजदुर किसान पार्टी -तुलसी लक्ष्मी दुमरु (बाटि)
१३)स्वतन्त्र उम्मेदवार -साजन माझी
१४) जनता समाजवादी पार्टी -पल्टन ताजपुरिया
१५) जनमत पार्टी -लोश्रो हेमरम
१६) राष्ट्रिय मुक्ति पार्टी -त्रिनारायण राजवंशी

**त्यस्तै दमक ८ स्थित झापा निर्वाचन क्षेत्र नं ५ निर्वाचन अधिकृत कार्यालयमा मनोनयन दर्ता गराउने उम्मेदवारहरु**

१) राष्ट्रिय मुक्ति पार्टी -अमृत रसाइली
२) जनमत पार्टी- अमृतलाल महतो
३) नेकपा एमाले - केपी शर्मा ओली
४) पिपुल फर्स्ट पार्टी- धर्मराज गुरागाँई
५) नेपाल जनमुक्ति पार्टी- पदमबहादुर जवेगु
६) स्वतन्त्र उम्मेदवार- प्रकाश नेपाल
७) नेपाली कांग्रेस - मंधरा चिमरिया
८) स्वतन्त्र उम्मेदवार- मातृका भट्टराई
९) नेपाली कम्युनिस्ट पार्टी - रञ्जित तामाङ
१०) राष्ट्रिय प्रजातन्त्र पार्टी- लक्ष्मीप्रसाद संग्रौला-
११) राष्ट्रिय स्वतन्त्र पार्टी -बालेन्द्र शाह
१२) स्वतन्त्र उम्मेदवार- शोभा भण्डारी
१३) नेपाल कम्युनिस्ट पार्टी( माओवादी )-सञ्जय राई
१४) राष्ट्रिय परिवर्तन पार्टी -सविन राई
१५) मंगोल नेशनल अर्गनाइजेसन-सानबहादुर मेचे
१६) स्वतन्त्र उम्मेदवार- अर्जुन सापकोटा
१७)स्वतन्त्र उम्मेदवार-खेमनाथ शिवाकोटी
१८) स्वतन्त्र उम्मेदवार- डम्बर शाह
१९) जनता समाजवादी पार्टी- धिरेन सुब्बा
२०)स्वतन्त्र उम्मेदवार- पुष्कर खतिवडा
२१)स्वतन्त्र उम्मेदवार- प्रकाश नेपाल
२२)स्वतन्त्र उम्मेदवार- रन्जना गौतम
२३) स्वतन्त्र उम्मेदवार- विपुल गुरागाँई
२४) श्रम संस्कृति पार्टी- समिर तामाङ

## झापा २ मा पूर्व सभामुख-उपसभामुखसहित पूर्व मन्त्रीहरु चुनावी मैदानमा

• लक्ष्मी उप्रेती

झापा । आगामी फागुन २१ गते हुन गइरहेको आसन्न प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि विघटित प्रतिनिधि सभाका सभामुख र उपसभामुखले एउटै निर्वाचन क्षेत्रबाट उम्मेद्वारी दर्ता गराएका छन् ।
मंगलबार अर्जुनधारा नगरपालिकामा रहेको झापा निर्वाचन क्षेत्र न २ निर्वाचन अधिकृत कार्यालयमा पुगेर नेपाल कम्युनिष्ट पार्टी (एमाले) का तर्फबाट निवर्तमान सभामुख देवराज घिमिरे र राष्ट्रिय स्वतन्त्र पार्टीका तर्फबाट निवर्तमान उपसभामुख इन्दिरा राना मगरले उम्मेद्वारी दर्ता गराएका हुन् ।
२०७९ सालको प्रतिनिधि सभा सदस्य निर्वाचनमा निवर्तमान सभामुख घिमिरे यहि निर्वाचन क्षेत्रमा एमालेका तर्फबाट विजयी बनेका थिए भने निवर्तमान उपसभामुख राना मगर राष्ट्रिय स्वतन्त्र पार्टीका तर्फबाट समानुपातिक सांसद बनेकी थिइन् । संसद्मा सँगै रहेका उनीहरु फागुन तेस्रो साता हुने निर्वाचनको लागि चुनावी मैदानमा एक आपसमा आमने सामने भएका छन् ।
२०७९ को निर्वाचनमा झापा क्षेत्र नम्बर २ मा एमालेका तत्कालीन कोशी प्रदेश इन्चार्जसमेत रहेका घिमिरेले स्वतन्त्र उम्मेद्वार भद्रप्रसाद (स्वागत) नेपाललाई दुई हजार दुई सय ५६ मतले पराजित गर्दैं संसद्को यात्रा तय गरेका थिए । घिमिरेले २८ हजार छ सय ९७ मत र नेपालले २६ हजार चार सय ४१ मत प्राप्त गरेका थिए ।
७३ हजार नौ सय ५० पुरुष, ७३ हजार पाँचसय ६७ महिला र पाँचजना अन्य गरी कुल एकलाख ४७ हजार पाँचसय २२ मतदाता रहेको उक्त निर्वाचन क्षेत्रमा नेपाली काँग्रेसका तर्फबाट राष्ट्रियसभामा पूर्व प्रमुख सचेतक, कोशी प्रदेशबाट २०७९ मा राष्ट्रियसभा सदस्य पूर्व कृषि राज्यमन्त्री सरिता प्रसाईको समेत उम्मेद्वारी परेको छ । निवर्तमान काँग्रेस सभापति शेरबहादुर देउवाले प्रसाईलाई पार्टीको तर्फबाट संसदीय दलको प्रमुख सचेतकमा मनोनयन गरेका थिए भने उनी २०७४ सालमा नेपाली काँग्रेसको तर्फबाट समानुपातिक सांसद् बनेकी थिइन् ।
२०६४ मा पहिलो संविधान सभाको निर्वाचनबाट नेपाली काँग्रेसका नेता पूर्व मन्त्री चक्रप्रसाद बास्तोलालाई पराजित गर्दैं संविधान सभामा पुगेकी तत्कालीन नेपाल कम्युनिष्ट पार्टी माओवादीकी नेता धर्मशिला चापागाईंले समेत झापाको निर्वाचन क्षेत्र नम्बर २ बाटै उम्मेद्वारी दर्ता गराएकी छन् ।
२०६८ सालमा स्वास्थ्य तथा जनसंख्या राज्यमन्त्री बनेकी चापागाईंले नेपाली कम्युनिष्ट पार्टीको तर्फबाट उम्मेद्वारी दर्ता गराएकी हुन् ।
२०७९ सालको प्रतिनिधि सभा निर्वाचनमा दोस्रो स्थानमा रहेका









स्वतन्त्र उम्मेद्वार रहेका भद्रप्रसाद (स्वागत) नेपालले फागुन २१ गतेको निर्वाचनमा राष्ट्रिय प्रजातन्त्र पार्टीबाट उम्मेद्वारी दर्ता गराएका हुन् । निर्वाचन क्षेत्र नम्बर २ बाट मंगोल नेशनल अर्गनाइजेसन (एमएनओ) का अकलबहादुर तामाङ, जनता समाजवादी पार्टीका तिलबहादुर राई, श्रम संस्कृति पार्टीका केशवबहादुर भण्डारी, उज्यालो नेपाल पार्टीका चुडाकर्ण बेघा, नेपाल कम्युनिष्ट पार्टी (संयुक्त)का श्रीप्रसाद सिटौला, स्वतन्त्र उम्मेद्वारहरु पुण्यप्रसाद आचार्य, डाक्टर युवराज संग्रौला, रमेशकुमार कार्की,जनमत पार्टीका रमेशकुमार राजवंशी, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चका अमृता लावती, नेपाल जनमुक्ति पार्टीका मानबहादुर पुलामी मगरगरी कुल १८ जना उम्मेद्वारले मनोनयन दर्ता गराएका छन् ।

# झापाबाट धनकुटा इजलासमा पहिलो पटक भर्चुअल बहस

झापा, माघ ६ । उच्च अदालत विराटनगर धनकुटा इजलासमा झापा जिल्ला अदालतबाट मंगलवार पहिलो पटक भर्चुअल बहस (श्रव्यदृश्य सुनुवाइ)भएको छ।

धनकुटा इजलासका न्यायाधीश कृष्णलाल भट्टराई र मिना गौतम सेढाईको संयुक्त इजलासमा झापा बार महिला समिति अध्यक्ष एवं झापा बारकी सहसचिव अधिवक्ता सानु कार्की बस्नेतले झापा जिल्ला अदालतको अनलाइन बहस कक्षबाट भर्चुअल बहस गरेकी थिइन् ।



पक्ष र कानुन व्यवसायीहरु इजलाससमक्ष प्रत्यक्ष भौतिक उपस्थिति बिना हुने श्रव्यदृश्य सुनुवाई (भर्चुअल बहस) कोभिड १९ महामारीको समयमा सर्वोच्च र उच्च अदालतहरुमा २०७७/७८ सालदेखि व्यापक अभ्यासमा ल्याइएको थियो। विशेषगरी जिल्ला अदालतबाट उच्च अदालत टाढा हुँदा समय र खर्च पनि बढी लाग्ने हुँदा त्यस्ता जिल्लालाई प्राथमिकता दिँदै अनलाइन बहसको सुरुवात गरिएको थियो। प्रचलित कानुनबमोजिम जारी गरिने पक्राउ पुर्जी, जरुरी पक्राउ पुर्जीको स्वीकृति, हिरासतमा वा निगरानी कक्षमा राख्ने आदेश, थुनछेकसम्बन्धी कार्य, बयान, बकपत्र र बहस पैरवी नेपालभरमा जहाँबाट पनि उच्च अदालतहरुमा श्रव्यदृश्य (भर्चुअल ) मार्फत बहस गर्न सकिने ब्यबस्था छ।

न्यायालयलाई प्रविधिमैत्री बनाउन सूचना प्रविधिको विकासका लागि आवश्यक पूर्वाधारको विस्तार, स्तरोन्नति, अनलाईन उपकरण, डिजिटल सफ्टवेयरहरू र इन्टरनेट क्षमतामा अभिवृद्धि गर्दै प्रविधिमैत्री जनशक्ति थप गरेमा श्रव्यदृश्य सुनुवाइ अझ प्रभावकारी हुने देखिन्छ।

# सर्वोच्चले गगन थापाविरुद्ध अन्तरिम आदेश दिएन

काठमाडौँ । सर्वोच्च अदालतले नेपाली कांग्रेसको विवादमा अन्तरिम आदेश जारी गर्न अस्वीकार गरेको छ ।

विशेष महाधिवशेनबाट निर्वाचित भएका गगन थापा पक्षलाई आधिकारिकता दिने निर्वाचन आयोगको निर्णयविरुद्ध शेरबहादुर देउवा र पूर्णबहादुर खड्काले सर्वोच्चमा रिट दायर गरेका थिए । रिटमा पहिलो सुनुवाइ गर्दै न्यायाधीश सुनिलकुमार पोखरेलको इजलासले अन्तरिम आदेश अस्वीकार गरेको हो । सर्वोच्चले दुवै पक्षलाई छलफलमा पनि बोलाएको छ ।सर्वोच्चले निर्वाचन आयोगको निर्णयमा कारण देखाउ आदेश भने जारी गरेको छ । सर्वोच्चको यो आदेशसँगै थापा पक्षले पाएको वैधानिकता कायमै रहने भएको छ ।



देउवा र खड्काले आइतबार सर्वोच्च अदालतमा रिट निवेदन पेस गर्दै निर्वाचन आयोगको निर्णयसम्बन्धी विवाद टुंगो नलाग्दासम्म निर्वाचन प्रक्रिया अघि बढाउन नहुने माग गरेका थिए । मंगलबार बहसका क्रममा पनि उनीहरुले अन्य दलको हकमा यथास्थितिमा राखेर नेपाली कांग्रेसलाई मात्र मनोनयन गर्ने अवधी लम्ब्याउनु भनि अन्तरिम आदेशको माग गरेका थिए । तर सर्वोच्चले अस्वीकार गरेको छ ।

उनीहरूले आगामी मंगलबार १६५ निर्वाचन क्षेत्रमा क्षेत्रमा हुने मनोनयन स्थगित गर्न माग गर्दै स्थगित हुन नसके निर्वाचन प्रक्रिया नै रोक्नुपर्ने भनेका थिए ।

निर्वाचन आयोगको निर्णयसम्बन्धी विवाद नटुंगिइ निर्वाचन प्रक्रिया अघि बढेमा मुलुकको सबैभन्दा पुरानो दल निर्वाचन प्रक्रियाबाट वञ्चित हुने भन्दै उनीहरूले मनोनयन प्रक्रिया नै रोकिनुपर्ने माग गरेका थिए । उनीहरूले निर्वाचन आयोग, विशेष महाधिवेशनबाट सभापति बनेका गगन थापा, उपसभापति विश्वप्रकाश कर्मा र विशेष महाधिवेशनपछि बनेको कांग्रेस केन्द्रीय कार्यसमितिलाई रिट निवेदनमा विपक्षी बनाएका थिए ।

आफूलाई कांग्रेसको १४ औं महाधिवेशनबाट निर्वाचित केन्द्रीय सभापति रूपमा चिनाउँदै देउवाले विशेष महाधिवेशनलाई नै अवैध भनेका थिए ।

देउवा र खड्काले सर्वोच्च अदालतमा गरेको दावीअनुसार महाधिवेशन प्रतिनिधिहरूको मागअनुसार नियमित महाधिवेशन हुन नसके विशेष महाधिवेशन भनिएको हुँदा विशेष महाधिवेशनको साटो नियमित महाधिवेशन नै गर्ने गरी पुस २६ देखि २८ सम्मको मिति तय भएको दाबी रिटमा गरेका थिए ।

# भद्रपुर महोत्सवको तयारी अन्तिम चरणमा

उद्योग वाणिज्य संघ झापाले माघ ७ गतेबाट आयोजना गर्न लागेको झापा औद्योगिक, व्यपार, कृषि तथा पर्यटन महोत्सवको तयारी अन्तिम चरणमा पुगेको छ ।

माघ ७ देखि २१ गतेसम्म भद्रपुर-८ स्थित मेची रंगशालामा चल्ने औद्योगिक, व्यापार, कृषि तथा पर्यटन महोत्सव सञ्चालनका लागि सम्पूर्ण तयारी पूरा भएको हो । महोत्सवमा १२० व्यापारिक स्टल, १० वटा खानाका परिकार स्टल रहने छन् भने हरेक दिन खेलकुदका गतिविधि समेत सञ्चालन हुने छन् । हरेक साँझ ख्यातिप्राप्त कलाकारहरूबाट साागीतिक प्रस्तुति रहने महोत्सवमा उद्योग, व्यपार, कृषि, पर्यटन क्षेत्र झलकने प्रदर्शनी तथा विक्री वितरण केन्द्र रहने मूल आयोजक समितिका अध्यक्ष राजकुमार राईले जानकारी दिए ।

महोत्सव सञ्चालनका लागि झापा उद्योग वाणिज्य संघका कार्यवाहक अध्यक्ष राजकुमार राईको संयोजकत्वमा मुल आयोजक तथा अतिथि सत्कार समिति रहेको छ भने महोत्सवको संरक्षक भद्रपुर नगरपालिका रहने छ ।

झापा जिल्लाको समग्र आर्थिक तथा सामाजिक उत्थानका लागि उद्योग, व्यापार, शिक्षा, स्वास्थ्य, कृषि, पशुपंछी र पर्यटन क्षेत्रको प्रवर्द्धनमा टेवा पुऱ्याउने दिर्घकालीन र आन्तरिक बजार सवलीकरणका लागि व्यवसायिक उत्थान तथा निकासी योग्य वस्तुमा जोड दिने लक्ष्यसहित महोत्सव गर्न लागिएको पत्रकार सम्मेलनमार्फत राईले जानकारी दिए । मूल आयोजक झापा उद्योग वाणिज्य संघले भद्रपुरमा यस महोत्सवबाट १० करोड रूपैयाँ बराबरको कारोवार तथा एक लाख बढी अवलोकनकर्ताले अवलोकन गर्ने लक्ष्य राखेको जनाएको छ ।

'समृद्धि आधार, आर्थिक विकासः कृषि पर्यटन उद्योग र व्यापार' भन्ने मुल नाराका साथ आयोजना हुन लागेको महोत्सवमा लक्ष्य पूरा गर्न घरेलु, कृषि, पर्यटन तथा अन्तर्राष्ट्रिय वस्तु तथा सेवाहरूको प्रवर्द्धनका लागि १२० विभिन्न स्टल रहने पत्रकार सम्मेलनमा बताइएको छ । आयोजक संस्थाका कार्यवाहक अध्यक्ष राईको अध्यक्षता तथा कोशी प्रदेश सभा सदस्य छविलाल चुडाल, भद्रपुर नगर उपप्रमुख राधा कार्की, ८ नम्वर वडाध्यक्ष गौरव सुब्बा मनोज लगायतले धारणा राख्दै औद्योगिक महोत्सवले वर्तमान विषम परिस्थितिलाई चिर्दै उद्योगी तथा व्यवसायीहरूलाई आफ्ना उत्पादनहरू, सेवाहरू र व्यापारिक गतिविधि आत्मसात गर्ने प्लेटफर्म प्रदान गर्ने अपेक्षा सहितको धारणा राखेका थिए । उनीहरूले आर्थिक क्षेत्रलाई चलायमान बनाइ आर्थिक वृद्धि हासिल गर्न खोजिरहेका उद्योगी व्यवसायीका लागि यो महोत्सव मञ्चका रूपमा एउटा महत्वपूर्ण कार्यक्रम बन्ने समेत धारणा राखेका थिए ।

# बिर्तामोडमा पिकअपको ठक्करबाट वृद्धाको मृत्यु

झापा, माघ ६ । बिर्तामोडको जात्रुवारीमा पिकअपको ठक्करबाट वृद्धाको मृत्यु भएको छ ।

मंगलवार दिउँसो १२:५५ बजे बिर्तामोड ५ जात्रुबारीस्थित भित्री सडकखण्डमा रहेको किराना पसलमा सामान लोड गरी ब्याक गर्ने क्रममा मे१ज १८०४ न. को सामान बोक्ने पिकअप गाडीले पैदलयात्रु सोही ठाउँ बस्ने बर्ष ८१ की श्रीमाया लिम्बूलाई पिकअपको पछाडीको भागले ठक्कर दिएको थियो ।

दुर्घटनामा गम्भीर घाइते भएकी लिम्बूलाई उपचारको लागि बीएण्डसी अस्पताल बिर्तामोडमा उपचार गराउने क्रममा दिउँसो १:३० बजे मृत्यु भएको हो । पिकअप चालक बुद्धशान्ति ३ बस्ने बर्ष ३१ का हरिप्रसाद काफ्ले र पिकअप इलाका प्रहरी कार्यालय बिर्तामोडमा राखिएको छ ।

**उत्साहजनक...**

सचिव राउतले दिए । यी दुवै जिल्लाका उम्मेदवारीको रुजु भइसकेको जनाइएको छ । सबैभन्दा बढी उम्मेदवारी दर्ता भएको रुपन्देही निर्वाचन क्षेत्र नं २ र ३ मा ३५/३५ उम्मेदवारी दर्ता भएको छ । रुपन्देही निर्वाचन क्षेत्र नं २ को रुजु भइसकेको छ भने ३ नं क्षेत्रको बाँकी छ ।

सामान्यतया शान्तिपूर्ण रुपमै उम्मेदवारी दर्ताका काम भएको निर्वाचन अधिकृतको कार्यालयहरुबाट जानकारी आएको जनाइएको छ ।

मंगलवार बिहान १० देखि बेलुकी ५ बजेसम्म उम्मेदवारले मनोनयनपत्र दर्ता गर्ने कार्यक्रम रहेको थियो । उम्मेदवारी दर्ताका लागि नागरिकता वा मतदाता परिचयत्रपत्रसहित १३ प्रकारका कागजात साथमा लिएर आउन आयोगले आह्वान गरेको थियो । बेलुकी ५ देखि ७ बजेसम्म उम्मेदवारको सूची प्रकाशन हुने कार्यक्रम रहेको पनि आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले बताए ।

माघ ७ गते बिहान १० देखि दिउँसो ३ बजेसम्म मनोनयन पत्र दर्ता भएको उम्मेदवारको विरोधमा उजुरी दिने अवधि निर्धारण गरिएको छ । माघ ७ गते दिउँसो ३ देखि माघ ८ गते बेलुका ५ बजेसम्म मनोनयनपत्र र उजुरीउपर जाँचबुझ एवं निर्णय गरी त्यसै दिन बेलुकी ५ देखि ७ बजेसम्म उम्मेदवारको नामावली प्रकाशन गरिने छ । माघ ९ गते बिहान १० देखि दिउँसो १ बजेसम्म उम्मेदवारले नाम फिर्ता लिने समय तोकिएको छ ।

माघ ९ गते दिउँसो १ बजेदेखि ३ बजेसम्ममा उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरी त्यसै दिन दिउँसो ४ देखि साँझ ७ बजेसम्ममा उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गरिने कार्यक्रम रहेको पत्रकार सम्मेलनमा जानकारी गराइएको थियो ।


## शिवसताक्षी नगरपालिका नगर कार्यपालिकाको कार्यालय

व्याङडाँडा ,झापा

### जनहितमा जारी सूचना

**महिला हिंसा अन्त्य गरौं ।**

१. महिला हिंसा जहाँसुकै र जो सुकैबाट पनि हुन सक्छ, सचेत होऔं,
२. महिलामाथि शारीरिक, मानसिक, आर्थिक र सामाजिक रुपमा हिंसा हुन सक्छ,
३. कुनै प्रकारको हिंसा भएमा उजागर गर्ने हिम्मत गरौं,
४. हिंसामा परे तत्काल कानूनी सहायता लिऔं
५. कानूनी सहायता र सहयोगका लागि महिला हेल्पलाइन (११४५) मा सम्पर्क गरौं,
६.घर-परिवार, विद्यालय, कार्यालय र समाजमा समान व्यवहार गरौं,
७. महिला अधिकार र सम्मानको संरक्षणमा सबै जिम्मेवार बनौं,
८.हिंसामुक्त घर तथा समाज निर्माणमा जिम्मेवार होऔं,
९. महिला हिंसा विरुद्ध शुन्य सहनशीलता अपनाऔं ।



## नेपाल विद्युत प्राधिकरण अनारमनी वितरण केन्द्रको अनुरोध

**शीतलहर चलेका विद्युत प्रयोग गर्दा ध्यान दिनु पर्ने कुराहरूः**

शीतलहर (अत्यधिक जाडो) को समयमा विद्युत उपकरण प्रयोग गर्दा विशेष सावधानी अपनाउनु अत्यन्त आवश्यक हुन्छ । यस समयमा हुने साना लापरवाहीले आगो लाग्ने, करेन्ट लाग्ने वा उपकरण बिग्रने जोखिम बढाउँछ । ध्यान दिनुपर्ने मुख्य कुराहरू यसप्रकार छन् ।

**१. हिटर, ब्लोअर र हिटर रड प्रयोग गर्दा**
- ओभरलोड हुने गरी एकै प्लगमा धेरै उपकरण नजोड्नुहोस्
- हिटर नजिक कपडा, पर्दा, कागज, ओछ्यान नराख्नुहोस्
- सुत्ने बेला हिटर वा ब्लोअर अन गरेर ननिदाउनुहोस्
- पानी तताउन प्रयोग गरिने हिटर रड बाल्टिन बाहिर ननिकाल्नुहोस्

**२. तार र प्लगको अवस्था जाँच**
- पुराना, चुँडिएका वा नाङ्गा तार प्रयोग नगर्नुहोस्
- चिसोले तार कडा हुने भएकाले मोड्दा फुट्ने जोखिम हुन्छ
- ढिलो वा खुकुलो प्लग तुरुन्त मर्मत गर्नुहोस्

**३. भिजेको हातले नछुने**
- भिजेको हात वा भिजेको जमिनमा उभिएर विद्युत उपकरण नछुनुहोस्
- बाथरुममा हिटर प्रयोग गर्दा विशेष सावधानी अपनाउनुहोस्

**४. बालबालिका र वृद्धको सुरक्षा**
- बालबालिकालाई हिटर, साकेट र तार छुन नदिने
- वृद्ध तथा अशक्त व्यक्तिको कोठामा सुरक्षित दूरीमा उपकरण राख्ने

**५. आगलागीबाट बच्न**
- सकेसम्म थर्मोस्टेट र अटो कट भएका उपकरण प्रयोग गर्नुहोस्
- लामो समयसम्म प्रयोग नगर्दा प्लग निकालेर राख्नुहोस्
- घरमा फायर एक्स्टिङ्गुइशर वा बालुवा राख्नु उपयुक्त हुन्छ

**६. लाइन र अर्थिङ**
- घरमा अर्थिङ राम्रोसँग जडान भएको हुनुपर्छ
- बारम्बार बत्ती झिम्किने वा फ्युज जाने समस्या आए प्राविधिक बोलाउनुहोस्

**७ सूचना पालना**
- नेपाल विद्युत प्राधिकरण र स्थानीय निकायले जारी गरेका सुरक्षा सूचना पालना गर्नुहोस्
- सावधानी अपनाऔँ, दुर्घटनाबाट जोगिऔँ।



## कर्णाली बचत तथा ऋण सहकारी संस्था लि.

बिर्तामोड-४,झापा

### कर्जा चुक्ता गर्ने बारेको अत्यन्त जरूरी सूचना

प्रथम पटक प्रकाशित मिति-२०८२/१०/०७

यस संस्थाको बिभिन्न सेवाकेन्द्रहरुमा तपशिलमा उल्लेखित ऋणीहरुले ब्यवसायिक तथा अन्य कर्जा शीर्षक अन्तर्गत यस संस्थाबाट लिएको ऋणको साँवा, ब्याज र हर्जना लगायत अन्य रकम समेत यस संस्था सँगको शर्त र तोकिएको भुक्तानी तालिका बमोजिम तिर्नु बुझाउनु पर्नेमा नतिरी नबुझाई ऋण सम्बन्धी शर्त बन्देज उलङ्घन गर्नुभएकोले पटक-पटक लिखित तथा मौखिक तर-तागेता गर्दा एवम् प्रत्यक्ष भेटघाट तथा सम्पर्क गरी ऋण चुक्ता गर्न अनुरोध गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गरी हाल सम्म पनि ऋणको साँवा,ब्याज तथा हर्जना नबुझाएको हुँदा यो ३५(पैतिस) दिने सार्वजनिक सुचना प्रकाशित गरिएको छ। यो सुचना प्रकाशित भएको ३५ (पैतिस) दिन भित्रमा संस्थामा सम्पर्क गरी संस्थालाई बुझाउनुपर्ने साँवा रकम र सो दिनसम्मको लाग्ने ब्याज र हर्जना समेत सम्पूर्ण रकम चुक्ता गर्न गराउनुहुन तपाई ऋणी सदस्य तथा साक्षी/जमानीकर्ता लगायत सम्बद्ध सबैमा सुचित गरिन्छ ।अन्यथा सहकारी ऐन २०७४ र सहकारी नियमावली २०७५ ले दिएको अधिकार प्रयोग गरी यस संस्थासंग गरेको लिखत/तमसुक बमोजिम ऋणी तथा ऋणीको एका संगोलमा रहेका सदस्यहरुको स्थानियस्तरबाट पाईने सेवा सुबिधाबाट बञ्चित गराउनको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने, ऋणी तथा जमानीकर्ताको तिन पुस्ते विबरण सहकारी कर्जा सुचना केन्द्रको कालो सुची सम्बन्धी निर्देश बमोजिम कर्जा सुचना केन्द्र लिमिटेडको कालो सुचिमा नाम समावेश गर्ने साथै धितो दिएको जग्गा लिलाम गरी असुल उपर गर्ने जस्ता कारवाही गरी लेना रकम असुल गरिने ब्यहोरा यसै सुचनाद्धारा जनकारी गराईन्छ ।

| क्र.सं. | ऋणीको नाम | ठेगाना | ज.ध.को बिवरण | धितोको बिवरण | २०८२/१०/०६ सम्मको तिर्न बाँकी रकम | सेवाकेन्द्र |
|---|---|---|---|---|---|---|
| १ | कुमारराई<br>बाबु-हैकम सिह राई<br>बाजे-नर बहादुरराई<br>ना.प्र. नं.-५१३७१५७ | झापा-३ | कुमारराई<br>बुबा-हैकम सिहं राई<br>बाजे-नर बहादुरराई<br>नागरिकता नं.-५१३७१५७ | टाघनडुब्बा -७<br>कित्ता नं.-३२८/२१३<br>क्षेत्रफल-७४/१७१ | ६,९९,१४३.२९ | शरणामती |
| २ | दुर्गा प्रसाद गणेश<br>बाबु-गुरु प्रसाद गणेश<br>बाजे-सोनु लाल गणेश<br>ना.प्र. नं.-५७०९१८१४ | झापा-४ | दुर्गा प्रसाद गणेश<br>बाबु-गुरु प्रसाद गणेश<br>बाजे-सोनु लाल गणेश<br>ना.प्र. नं.-५७०९१८१४ | टाघनडुब्बा -२<br>कित्ता नं.-३४७/२९९<br>क्षेत्रफल-१०१.५८/८४.६५ | ३,८१,७८८.५१ | शरणामती |
| ३ | फुल कुमारी कोच<br>बाबु- गैना काहार कोच<br>पति - नारायण प्रसाद काहार<br>ना.प्र.नं.०४३०३८/५४१ | झापा-०२ | नारायण प्रसाद काहार<br>बाबु- जितु कोच<br>बाजे-थालु काहार<br>ना.प्र. नं.-५१३७/१९७ | कुमरखोद -५<br>कित्ता नं.-१५०<br>क्षेत्रफल-८८७.९३ | ६,२०,३७०.५६ | शरणामती |
| ४ | सामसुल हक मियां<br>बाबु- अब्दुल मिया<br>बाजे-फैजुदिन मिया<br>ना.प्र. नं.-०४३०३५/९७ | झापा- ५ | जुवेला विवि<br>बाबु-अल्ताव अलि<br>पति- अब्दुल मिया<br>ना.प्र.नं.०४३०३५/९८ | टाघनडुब्बा ७<br>कित्ता नं.-४५१<br>क्षेत्रफल-२०३१.७८ | १८,०४,१२८.८६ | शरणामती |
| ५ | सुकु कुमारी तामाङ्ग<br>बाबु- बिर बहादुर तामाङ्ग<br>पति- देबी बहादुर आले मगर<br>ना.प्र.नं.९२३२२८३ | झापा- ३ | देबी बहादुर आले मगर<br>बाबु- तप बहादुर आले मगर<br>बाजे-अम्वर बहादुर आले मगर<br>ना.प्र.नं.८५०६११२१ | शरणामती ४<br>कित्ता नं.-१२१०/१२१६<br>क्षेत्रफल-११३४.४४/४४०.२१ | ११,१६,८७६.०८ | शरणामती |
| ६ | कलिम अन्सारी<br>बाबु- मुस्लीम अन्सारी<br>बाजे-ईस्माईल अन्सारी<br>ना.प्र.नं.०४-०१-७०-२३६९८ | झापा- ४ | रवैया अन्सारी<br>बाबु-रोजन अन्सारी मियां<br>बाजे-ईस्माईल अन्सारी<br>ना.प्र. नं.-०४१०३७/१०० | टाघनडुब्बा २<br>कित्ता नं.-३४३/३२४<br>क्षेत्रफल-२७१.३७/६७७.२६ | १४,२१,४७५.३७ | शरणामती |
| ७ | कमल कुमार सुवेदी<br>बाबु- खडानन्द सुवेदी<br>बाजे-केशवानन्द सुवेदी<br>ना.प्र.नं.९२३२१३४ | झापा- ४ | कमल कुमार सुवेदी<br>बाबु- खडानन्द सुवेदी<br>बाजे-केशवानन्द सुवेदी<br>ना.प्र.नं.९२३२१३४ | टाघनडुब्बा ६<br>कित्ता नं.-३८६/१६५<br>क्षेत्रफल-२९२०.६७/४५५ | १०,३३,०२३.४२ | शरणामती |

**कर्णाली साकोस**

**विर्तामोड ४ झापा**


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# स्वास्थ्यमाथि खेलबाड नगरौं

खानेकुरा व्यक्तिको जीवनसँग प्रत्यक्ष जोडिएको विषय हो। गुणस्तरीय खाना भएन भने त्यसले प्रत्यक्ष रूपमा व्यक्तिको स्वास्थ्यमा असर पार्छ। खाद्य पदार्थमा व्यक्तिको आर्जनको ठुलो हिस्सा खर्च हुन्छ। यस हिसाबले खाद्यान्न, पेयपदार्थका साथै होटल, रेस्टुरेन्ट र अन्य खाना पाइने ठाउँको स्वच्छता अनिवार्य हुन्छ। कसैलाई पनि गुणस्तरहीन सामग्री उपभोग गर्न बाध्य पार्नुहुँदैन।

हामीकहाँ होटल, रेस्टुरेन्ट, किराना पसल र मासु पसलहरूमा गुणस्तरको अभाव छ। यस्ता वस्तुका उपभोक्ताले महँगो मूल्य तिरेर पनि गुणस्तर पाउन सकेका छैनन्। होटलको खाना अस्वस्थकर भएका कैयन् उदाहरण फेला परेका छन्। खाद्यान्न उत्पादक कम्पनी र प्रशोधन केन्द्रले समेत गुणस्तरमा ध्यान दिएका छैनन्। कतिपय सरकारी संस्थानमै पनि यस्ता समस्या देखिएका छन्। निजी क्षेत्रका यस्ता संस्थाको विषय यस्तो स्थितिमा गौण हुन जान्छ। कुनै पनि खाद्य वस्तु उपभोग गर्ने बेलामा स्वास्थ्यलाई लिएर चिन्तित हुने अवस्था आउनु आफैंमा सकारात्मक पक्ष होइन। व्यक्तिले बजारमा जति धेरै निर्भर हुनुपरेको छ, त्यतिकै मात्रामा खराब खानेकुराको असर पनि परिरहेको छ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागका कर्मचारीले बेलाबेलामा बजार अनुगमन गर्छन्। दुःखको कुरा यस्तो अनुगमन नियमित छैन। नियमित बजार अनुगमनको संयन्त्र नभएपछि चाडबाड लक्षित वा कुनै कर्मचारी विशेषको चाहनामा मात्र यस्तो अनुगमन हुने गर्छ। प्रायः सबैजसो अनुगमनमा केही न केही कैफियत फेला पर्छ। अनुगमन गर्नासाथ कैफियत फेला पर्नु भनेको खराब खाद्य वस्तुको उच्च उपलब्धता हो भन्ने बिर्सन मिल्दैन। सरसफाइलाई अत्यन्तै पवित्र पक्ष मानिन्छ। त्यसमा पनि खाद्य वस्तुलाई स्वच्छ, सफा र गुणस्तरीय राख्नुपर्छ। प्रायः होटल तथा रेस्टुरेन्टमा सरसफाइ नभएको, बासी खाना भेटिएको, तयार खाद्य वस्तु नछोपी राखिएको र निर्धारित तौल नपुगेको पाइएको छ। उपभोक्तालाई तौल नपुगेका सामग्री दिनु भनेको आफैंमा ठगी हो। यसरी उपभोक्तालाई ठगेर पनि कैयन् व्यक्ति धनी भइरहेका छन्।

विभागको टोलीले हालै काठमाडौंका केही होटल तथा रेस्टुरेन्ट र मासु पसलमा अनुगमन गर्दा खाद्य गुणस्तरको अवस्था चिन्ताजनक पाइएको थियो। खाद्य वस्तुको गुणस्तर र स्वास्थ्यलाई ध्यान दिइएको नपाइनु भनेको गम्भीर लापरबाही हो। यस्ता व्यवसायले सर्वसाधारणको स्वास्थ्यलाई प्राथमिकतामा राखेर व्यवहार गर्नुपर्ने हो। अरूलाई आफूले निश्चित रकम दिएर बिक्री गरिने सामग्री गुणस्तरयुक्त हुनुपर्छ भन्ने ध्यान नपुग्नु भनेको व्यावसायिकताको कमी हो। कैयन् व्यक्तिको ध्यान पैसामा मात्र गएको छ। तर, सर्वसाधारणलाई यस्ता सामग्री बिक्री गर्दा गुणस्तरमा ध्यान दिनु आफ्नो कर्तव्य हो भन्ने बोध गरेको देखिएन।
खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ मा खाद्य वस्तुको मापदण्ड तोकिएको छ। अनुगमनका क्रममा गुणस्तरहीन तथा दूषित खाद्यवस्तु भेटिएमा सजायको व्यवस्था यसमा गरिएको छ। यस्ता सामग्री बिक्रीवितरण गर्नेमाथि सजायको व्यवस्था पनि गरिएको छ। गुणस्तरहीन तथा दूषित वस्तुको प्रयोगले व्यक्तिको ज्यानै जानसक्ने अवस्था पनि आउन सक्छ। गुणस्तरहीन खाद्यवस्तु भेटिएमा सुनुवाइका लागि प्रमुख जिल्ला अधिकारीकहाँ उपस्थित गराइन्छ। दूषित खाद्यवस्तु भेटिँदा जिल्ला अदालतमै पेस गर्ने व्यवस्था छ। दूषित खाद्यवस्तु बिक्रीवितरण गर्ने होटल तथा रेस्टुरेन्ट सञ्चालकलाई जेल सजायसमेत हुन सक्छ। सडेगलेको खाद्यान्न दिएर व्यक्तिको स्वास्थ्यमाथि खेलबाड गर्ने व्यक्तिले सजाय पाउनु पनि पर्छ।




# विश्वविद्यालय नवप्रवर्तनका केन्द्र



• डा. देवीप्रसाद आचार्य

एक्काइसौँ शताब्दीको तेस्रो दशकको यात्रामा विश्व ज्ञान, विज्ञान, अनुसन्धान र नवप्रवर्तनको प्रतिस्पर्धात्मक दौडमा अगाडि बढिरहेको छ । यो प्रतिस्पर्धा गर्न सक्ने क्षमताको आधार शिक्षा हो । ज्ञान, विज्ञान, प्रविधि भौतिक तथा मानव विकासको मुख्य आधार विश्वविद्यालय हुन् । विश्वविद्यालय मानव पुँजी उत्पादन गर्ने मुहान हुन् ।
अहिले नेपालमा १९ वटा विश्वविद्यालय सञ्चालनमा छन् । यी विश्वविद्यालयमा विभिन्न सङ्काय र विषय अध्ययन अध्यापन हुने गरेको छ । नेपाली समाजलाई शिक्षित बनाउनमा यी संस्थाको ठुलो योगदान छ । यद्यपि विश्वविद्यालयको गुणस्तरबारे प्रश्न उठिरहेका छन् । हाम्रा विश्वविद्यालय अन्तर्राष्ट्रिय क्षेत्रमा प्रतिस्पर्धी बन्न सकेका छैनन् ।
जर्मन चिन्तक बिल्हेल्म भोन हम्बोल्ट भन्छन्, "विश्वविद्यालय त्यहाँ विश्वस्तरको बन्दछ, जहाँ शिक्षण र अनुसन्धान एकअर्काबाट अलग हुँदैनन् ।" हाम्रा विश्वविद्यालयको शिक्षण र अनुसन्धानको अवस्थालाई नियाल्दा बिल्हेल्मको भनाइसँग मेल खाँदैन । विश्वविद्यालयमा शिक्षण सिकाइ समयसापेक्ष, आधुनिक, प्रविधिमैत्री तथा अनुसन्धानमूलक हुन सकेको छैन । समयसापेक्ष भनेको श्रमबजार, प्रविधि र सिर्जनासँग जोडिएको शिक्षण पद्धतिलाई बुझ्नु पर्छ । यसका लागि शिक्षण, पाठ्यक्रम, पाठ्यपुस्तक तथा मूल्याङ्कन पद्धति आधुनिक, व्यावहारिक एवं अनुसन्धानमुखी हुनु पर्छ ।
हाम्रा विश्वविद्यालय बेरोजगार जनशक्ति उत्पादन गर्ने शैक्षिक संस्थाका रूपमा सञ्चालित छन् । यसो हुनुको पछाडि राज्यको शिक्षाप्रतिको दृष्टिकोण, शिक्षा नीति, पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षण सिकाइ, मूल्याङ्कन पद्धति, अनुसन्धानको संस्कृति जस्ता विषयले प्रत्यक्ष रूपमा प्रभाव पारिरहेका हुन्छन् । विश्वविद्यालय राष्ट्रको बौद्धिक, विज्ञ तथा विशेषज्ञ उत्पादन गर्ने संस्था भएकाले यी संस्था कमजोर हुँदा देशका हरेक क्षेत्र कमजोर हुन्छन् । शिक्षाविद् क्लार्क केरका शब्दमा विश्वविद्यालय परिवर्तनको कुरा गर्छन् तर स्वयम् परिवर्तन हुन सबैभन्दा ढिला गर्ने संस्थामध्ये पर्छन् भन्ने छ ।
केरको भनाइ हाम्रो देशको विश्वविद्यालयको रूपान्तरणको सन्दर्भमा ऐना जस्तै छ । विश्वविद्यालय समयसापेक्ष हुनुपर्ने नारा गुन्जिएको दशकौँ बितिसकेको छ । यी संस्थाले पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षण सिकाइ तथा मूल्याङ्कन पद्धतिमा समयसापेक्ष सुधार गर्न नसकेको विज्ञहरू बताउँछन् । युनेस्कोले लोकतन्त्र र दिगो विकासको आधार उच्च शिक्षा हो, भनेको छ । लोकतन्त्र निर्वाचनको प्रक्रिया मात्र होइन, यो सचेत नागरिकको आलोचनात्मक सचेतनाको जगमा विकास हुन्छ । लोकतन्त्रको विकास नभई दिगो विकास सम्भव हुँदैन । यस अर्थमा देशको उच्चशिक्षा अनुसन्धानमुखी, गुणस्तरीय तथा व्यावहारिक हुन आवश्यक मात्र होइन, अनिवार्य सर्त हो ।
हाम्रा विश्वविद्यालय भवन, पाठ्यक्रम, पाठ्यपुस्तक तथा प्रमाणपत्र वितरण गर्ने संस्थाका रूपमा मात्र सञ्चालन हुँदै आएको आम बुझाइ छ । यो राष्ट्रको बौद्धिक चेतना, आलोचनात्मक विवेक, सिर्जनात्मक कर्म तथा अधिकार र कर्तव्यबोध भएका नागरिकहरू उत्पादन गर्न विश्वविद्यालयको रूपान्तरण आवश्यक ठानिन्छ ।
विश्वविद्यालय गुणस्तरीय हुन नसक्दा पढेलेखेका शिक्षित जनशक्तिमा आर्थिक आयआर्जनका लागि विदेश पलायन हुनु परेको छ । उच्च शिक्षासम्मको अध्ययनले शिक्षित जनशक्तिलाई आयआर्जनका बाटा र पाटाहरू खोज्ने, रोज्ने र आर्थिक समृद्धिको बाटोमा आत्मविश्वासका साथ काम गर्ने क्षमता आर्जन हुन नसकेको स्थिति छ ।

अमेरिकाका शिक्षाशास्त्री जोन डिबेका शब्दमा विश्वविद्यालय राष्ट्र निर्माणको प्रयोगशाला हो, यो केवल डिग्री उत्पादन गर्ने कारखाना होइन भन्ने छ । हाम्रो देशको सन्दर्भमा डिबेले भने जस्तो विश्वविद्यालय राष्ट्र निर्माणका प्रयोगशाला हुन सकेको अवस्था पनि छैन । जर्मन दार्शनिक कार्ल यास्पर्स भन्छन्, "विश्वविद्यालयको आत्मा स्वतन्त्र चिन्तनमा निहित हुन्छ, जब राजनीति त्यसमा हाबी हुन्छ, तब विश्वविद्यालयले आफ्नो अस्तित्व गुमाउन थाल्छ ।" कार्लको भनाइका आधारमा हेर्दा हाम्रा विश्वविद्यालय राजनीतिक प्रभावबाट स्वतन्त्र छैनन् ।
प्राज्ञिक क्षेत्रलाई सञ्चालन गर्नका लागि प्राज्ञिक विशेषज्ञता चाहिन्छ । हाम्रो देशमा विश्वविद्यालयको कुलपति प्रधानमन्त्री तथा सहकुलपति शिक्षामन्त्री हुने नीतिगत प्रबन्ध छ । अहिले विश्वविद्यालय सञ्चालन गर्ने जिम्मा प्राज्ञिकलाई दिनुपर्ने बहस चलेको छ । तथापि कार्यान्वयनमा गएको अवस्था छैन । फ्रान्सका दार्शनिक जुलियन बेन्डाले बौद्धिक वर्गले सत्यभन्दा सत्ता रोज्दा सभ्यता पतनको दिशातर्फ जान्छ भन्छन् । हाम्रो देशको सन्दर्भमा बौद्धिकले राजनीतिक दल वा नेतृत्वको आशीर्वादलाई पद र प्रतिष्ठा आर्जन गर्ने माध्यम बनाउँदा यी प्राज्ञिक संस्था अब्बल हुन नसकेको शिक्षाविद्हरूको कथन छ । विश्वविद्यालयका नेतृत्व प्रदायक क्षेत्रमा 'राइट म्यान इन राइट प्लेस' हुन सकेको छैन ।

विश्वविद्यालय व्यक्तिको मात्र नभएर समाज तथा सिङ्गो राष्ट्रको उन्नतिको मुहान हो । यहीँबाट ज्ञान, चेतना, सिप नेतृत्वको प्रवाह सुरु हुन्छ । राष्ट्रको आवश्यक मानव स्रोत, वैज्ञानिक, अध्येता, अनुसन्धानकर्तालगायत विज्ञ तथा विशेषज्ञ उत्पादन हुने ठाउँ भनेको विश्वविद्यालय हुन् । वास्तवमा यी प्राज्ञिक संस्थाबाट दक्ष जनशक्ति मात्र उत्पादन हुँदैनन्, यहाँ सोच्ने, प्रश्न गर्ने, राष्ट्रलाई सही दिशामा डोऱ्याउने सक्षम नागरिक तयार हुन्छन् । यस सन्दर्भमा राज्यले विश्वविद्यालयलाई विश्वस्तरमा प्रतिस्पर्धी बनाउने कार्य दृढ सङ्कल्पका साथ गर्न जरुरी छ ।

विश्वविद्यालय खोज, अनुसन्धान र नवप्रवर्तनका केन्द्र हुन् । विश्वविद्यालय अन्तर्राष्ट्रियस्तरको हुनु पर्छ । यी संस्थालाई अब्बल बनाउने प्रस्ट मार्गचित्रको अभाव देखिन्छ । विश्वस्तरको विश्वविद्यालय निर्माण गर्ने कुरा असम्भव नभए पनि सजिलो पक्कै छैन । राज्यको इच्छालाई व्यवहारमा परिणत गर्न सामूहिक प्रतिबद्धता चाहिन्छ । अब विश्वविद्यालयलाई राजनीतिक भागबन्डाको थलो होइन, बौद्धिक, स्वायत्त, अनुसन्धान र नवप्रवर्तनको केन्द्र बनाइनु पर्छ । यसो हुन सकेमा हाम्रा विश्वविद्यालयलाई अन्तर्राष्ट्रियस्तरका विश्वविद्यालयसँग तुलना गर्न योग्य बनाउने सपना सफलतामा परिणत हुन सक्छ । यो सफलता चेतनापूर्ण सङ्घर्ष, धैर्य र दीर्घ दृष्टिकोणबाट मात्र सम्भव छ । गोप

# निर्वाचन : सुशासनको प्रस्थानविन्दु



• बशिरा

निश्चित मापदण्ड, कानुनी प्रक्रिया र विधिअनुसार जनताले आफ्नो मत प्रयोग गरी प्रतिनिधि छनोट गर्ने प्रक्रिया हो, निर्वाचन। लोकतान्त्रिक व्यवस्थामा जनताको सार्वभौमसत्ता प्रयोग हुने मुख्य माध्यम हो, निर्वाचन। जनप्रतिनिधि छान्ने प्रक्रिया मात्र होइन, जनताको सहभागिता, उत्तरदायित्व र राष्ट्रिय भविष्य निर्माणको आधार पनि हो, निर्वाचन।

नजिकिँदै गरेको संघीय निर्वाचनको संवेदनशील घडीमा स्वस्थ र स्वच्छ निर्वाचनको महत्त्व झनै बढेर जानु स्वाभाविकै हो। अस्वस्थ निर्वाचनबाट स्वस्थ परिणामको कल्पना गर्न सकिँदैन। स्वस्थ निर्वाचनबिना सुशासन, विकास र न्यायको अपेक्षा गर्नु असम्भव जस्तै हुन्छ। त्यसैले निर्वाचन प्रक्रियालाई पूर्णरूपमा स्वच्छ, निष्पक्ष र जनउत्तरदायी बनाउनु सुशासनको आधार पनि हो।
चारैतिरबाट आवाज उठिरहेका छन्। अहिलेको अवस्थामा के साँच्चै स्वच्छ, निष्पक्ष र विश्वसनीय निर्वाचन हुन सक्ला ? यो प्रश्न केवल निर्वाचन आयोग वा सरकारका लागि मात्र होइन। यो प्रश्न राजनीतिक दल, प्रशासनिक संयन्त्र, सञ्चार माध्यम र आम नागरिकसमेत सबैका लागि हो। निर्वाचनको स्वच्छता कुनै एक पक्ष तथा निकायको प्रयासले मात्र सम्भव हुने कुरा होइन र हुँदैन पनि। सरोकारी सामूहिक प्रतिबद्धताको परिणामले मात्र सकारात्मक नतिजा ल्याउन सक्छ। निर्वाचन लोकतन्त्रको मुटु हो। मुटु स्वस्थ नभए शरीर स्वस्थ हुने कल्पना गर्न सकिँदैन।

निर्वाचनको समयमा सरकारको भूमिका संवेदनशील नहुने कुरै भएन। तर विगतका निर्वाचनहरूले राज्य संयन्त्रको दुरूपयोग, सरकारी स्रोतको राजनीतिक प्रयोग र प्रशासनमाथिको हस्तक्षेपका उदाहरणहरू छोडेका छन्। यसले गर्दा पनि निर्वाचनको निष्पक्षतामाथि पटकपटक गम्भीर प्रश्न उठ्ने गरेका अनुभवहरू प्रशस्त छन्। सरकारले राज्य शक्ति कुनै दलको पेवा होइन भन्ने आधारलाई व्यवहारले देखाउन सक्नुपर्छ। निर्वाचन आचारसंहिता सत्ताधारीका लागि पनि उत्तिकै बाध्यकारी हो भन्ने सन्देश व्यवहारबाटै दिन सक्नुपर्छ।

सुरक्षा व्यवस्थाको नाममा डरको वातावरण सिर्जना होइन, मतदातालाई निर्धक्क मतदान गर्ने अवस्था सुनिश्चित गर्नु सरकारको प्रमुख कर्तव्य पनि हो। राजनीतिक दलहरू लोकतन्त्रका अनिवार्य अंग हुन्। तर आज नागरिकमा दलप्रति बढ्दो वितृष्णा पनि उत्तिकै छ। चुनाव जित्न जे पनि जायज ठान्ने प्रवृत्ति, पैसा र प्रभावको खेल, घृणात्मक भाषण र तथ्यहीन प्रचारले दलहरू स्वयं लोकतन्त्रका लागि बोझ बन्दै गएको आरोप खेपिरहेका पनि छन्। दलहरूप्रति नागरिकको वितृष्णा वढ्दै जानुको कारण एउटा मात्र पनि नहुन सक्छन्। राजनीतिक दलहरूले यसतर्फ भने गभ्भीरतापूर्वक समीक्षा गर्ने बेला आएको छ।




प्रतिस्पर्धाको नाममा समाजलाई विभाजन गर्ने, विपक्षीलाई शत्रुका रूपमा चित्रण गर्ने र हार स्वीकार गर्न नसक्ने संस्कारले लोकतान्त्रिक परिपक्वता कमजोर बनाउँछ। उम्मेदवार छनोटमा नैतिकताको प्रश्न अझ गम्भीर छ। अपराध, हिंसा र अनैतिक गतिविधिमा संलग्न व्यक्तिलाई टिकट दिने अभ्यासले राजनीतिक दलको नैतिक धरातल उजागर गर्छ। स्वच्छ निर्वाचनका लागि उम्मेदवार पनि स्वच्छ हुन उत्तिकै जरुरी रहन्छ।

निर्वाचनको कार्यमा महत्त्वपूर्ण तथा जिम्मेवार निकाय निर्वाचन आयोग नै हो। प्रचलित कानुन र विधिमा रही निर्वाचन सम्पन्न गर्ने संवैधानिक निकाय निर्वाचन आयोग लोकतन्त्रको रेफ्री हो। रेफ्री निष्पक्ष र दृढ भए खेल आफैं स्वच्छ हुन्छ भने कमजोर भए विवाद हुने समान्य सिद्धान्त नै हो। आयोगमाथि सरकार र दलहरूको दबाब हुने गरेको चर्चा कुनै नयाँ होइन। तर दबाब स्वीकार गर्नु वा नगर्नु आयोगको नैतिक र संवैधानिक जिम्मेवारी हो। मतदाता सूचीको विश्वसनीयता, उम्मेदवार दर्तादेखि मतगणनासम्मको पारदर्शिता र समयमै सूचना प्रवाह आयोगको विश्वसनीयताका आधार हुन्। शंका जन्माउने कुनै पनि ठाउँ छाड्न नहुनेमा आयोग सचेत हुनुपर्छ।

निर्वाचनमा प्रशासनिक संयन्त्रको महत्त्वपूर्ण जिम्मेवारी रहनेमा दुई मत रहेन। प्रशासनिक कर्मचारी निर्वाचनको कार्यान्वयनकर्ता हुन्। उनीहरूको तटस्थता र इमानदारी बिना स्वच्छ निर्वाचन कल्पनै गर्न सकिँदैन। तर व्यवहारमा कर्मचारीहरू राजनीतिक दबाब, सरुवा-बढुवाको डर र व्यक्तिगत स्वार्थको द्वन्द्वमा पर्ने गरेका पनि छन्। निर्वाचनको समयमा कर्मचारीले आदेशभन्दा कानुनलाई प्राथमिकता दिनुपर्छ। डरभन्दा कर्तव्यमा जिम्मेवार बन्दै अल्पकालीन फाइदाभन्दा दीर्घकालीन प्रतिष्ठालाई रोज्ने साहसको जरुरत पर्दछ। इमानदार कर्मचारीहरू निर्वाचन प्रक्रियाका
मौन नायक हुन्।

सुरक्षा निकायको उपस्थिति मतदातालाई सुरक्षित महसुस गराउन हो। डर देखाउनका लागि होइन। विगतमा सुरक्षाकर्मीमाथि पक्षपातको आरोप लाग्दै आएको नसुनिएका होइनन्। यस्ता लाञ्छनाहरूले निर्वाचनको विश्वसनीयतामा आँच पुऱ्याउने गर्दछ। सुरक्षा संयन्त्रले तटस्थ, पेसागत र संयमित व्यवहार प्रदर्शन गर्न सके मात्र हिंसा, धम्की र दबाबको राजनीतिलाई कमजोर बनाउन सक्छ। निष्पक्ष सुरक्षा व्यवस्था नै शान्तिपूर्ण निर्वाचनको आधारशिला हो।

यसैगरी, निर्वाचनको समयमा सूचनाको शक्ति र जिम्मेवारीमा सञ्चार माध्यमको भूमिका झनै संवेदनशील हुन्छ। गलत सूचना, अफवाह समाचारले निर्वाचनलाई प्रदूषित बनाउन सक्छ। दलगत झुकावभन्दा माथि उठेर तथ्य, सन्तुलन र सत्यलाई प्राथमिकता दिनु मिडियाको कर्तव्य पनि हो। विचारका आधारमा दलको प्रवक्ता झैं प्रसारण गर्नेभन्दा मतदाता शिक्षामा पनि सक्रिय भूमिका खेल्नुपर्छ। गलत सूचनाविरुद्ध सत्यको पहरेदारी नगरेसम्म स्वच्छ निर्वाचनको लक्ष्य अधुरो रहन्छ।

निर्वाचनलाई स्वच्छ र स्वस्थ बनाउन निर्वाचन गराउने र निर्वाचनमा भाग लिनेहरू मात्र जिम्मेवार हुँदैमा राष्ट्रिय भविष्य निर्माणको आधार बन्न सक्दैन। लोकतन्त्रको अन्तिम निर्णायक भनेका नागरिक नै हुन्। सबै संयन्त्रभन्दा माथि हुन्छन् नागरिक। नागरिक सचेत भए लोकतन्त्र बलियो हुन्छ, उदासीन भए सबै संयन्त्र निरर्थक हुन्छन्। पैसा, डर र लोभमा मत हाल्ने प्रवृत्तिले निर्वाचनको नैतिक मूल्य समाप्त पार्छ। 'मेरो एउटा मतले के फरक पर्छ ?' भन्ने सोच नै अस्वस्थ लोकतन्त्रको जरो हो। हाम्रोलाई छाडेर राम्रोलाई चयन गर्न सक्नुपर्छ। उम्मेदवार मन नपरे मतदान नगर्ने चलन पनि छ।

यसरी मतदान नगर्नु समस्याको समाधान होइन, गैरजिम्मेवारी हो। गलत व्यक्तिले स्थान पाउन सक्छ। सही व्यक्तिको चयन गर्न नसके गलत व्यक्तिबाट शासित हुनुको विकल्प रहँदैन। कुनै एउटा दलको बलियो उपस्थितिले सरकार निर्माणमा सहज बनाउँला तर विपक्षी दलहरूको पनि उत्तिकै दमदार उपस्थितिले भने लोकतन्त्रलाई थप मजबुत बनाउँछ। निर्वाचनका लागि निर्वाचन हुनु र लोकतान्त्रिक मूल्य, मान्यता अनुरूप निर्वाचनको वातावरण बन्नु फरक कुरा हुन्। सरकारले निर्वाचनलाई उत्सवको रूपमा प्रस्तुत गर्न सक्नुपर्छ भने सोहीअनुसार नागरिकले ग्रहण गर्न सक्ने अवस्थाको सिर्जना महत्त्वपूर्ण हो। मतदातालाई सुरक्षाको अनुभूति दिलाई अत्यधिक सहभागी हुने वातावरणले निर्वाचनलाई उत्सव बनाउँछ।

स्वच्छ निर्वाचन कानुनी विषयमात्र होइन। यो संस्कारको विषय पनि हो। सरकार, दल, आयोग, प्रशासन, सुरक्षा निकाय, मिडिया र नागरिक सबैले आआफ्नो भूमिका इमान्दारीपूर्वक निर्वाह गरेमात्र निर्वाचन विवाद होइन, उत्सव बन्छ। निराशा, घृणा र प्रतिशोधको राजनीतिले दुष्परिणाम निम्त्याउँछ। निर्वाचन केवल सरकार छान्ने प्रक्रियामात्र होइन। यो त आगामी पुस्ताका लागि लोकतन्त्रको दिशा तय गर्ने ऐतिहासिक क्षण पनि हो। नागरिक र राजनीतिक दलहरूलगायत सरोकारी सम्पूर्ण निकायहरू आआफ्नो ठाउँबाट पूर्ण जिम्मेवार बन्न सक्नुपर्छ। स्वस्थ निर्वाचनले स्वच्छ राजनीतिको आधार तय गर्छ। स्वच्छ राजनीतिले मात्र समृद्ध नेपालको बाटो तय गर्न सक्छ। अतः स्वच्छ निर्वाचन कुनै विकल्प होइन, बाध्यता हो। अपू

# झापाका पाँचवटै निर्वाचन क्षेत्रमा मनोनयन दर्ता गराउँदै उम्मेदवारहरु

















## कांग्रेस दमक नगर सभापति प्रसाईंले गरे पार्टी परित्याग

दमक, माघ ६ । नेपाली कांग्रेस दमक नगर सभापति प्रकाश प्रसाईंले नेपाली कांग्रेसको नगर सभापतिसहित क्रियाशील सदस्यतसमेत परित्याग गरेका छन्।

मंगलवार समाजिक संजालमार्फत प्रसाईंले आज माघ ६ गतेदेखि नेपाली कांग्रेससँगको औपचारिक सम्बन्ध अन्त्य



गर्दै अब राष्ट्रिय स्वतन्त्र पार्टी रास्वपाको चुनावी अभियानमा सक्रिय रहने जनाएका छन् । उनले सामाजिक सञ्जाल फेसबुकमार्फत अब आफ्नो राजनीतिक यात्रा पद, कुर्सी वा झण्डाको नभई परिवर्तनको यात्राका रूपमा अघि बढ्ने स्पष्ट पारेका छन्। प्रसाईंले आगामी प्रतिनिधिसभा निर्वाचनमा आफ्नो निर्वाचन क्षेत्र झापा-५ बाट रास्वपा उम्मेदवार बालेन शाहको चुनावी अभियानमा सक्रिय रहने प्रतिबद्धता व्यक्त गरेका छन्। आफ्नो सामाजिक-राजनीतिक यात्रामा सहयोग गर्ने नेपाली कांग्रेसका नेतृत्व, कार्यकर्ता, क्रियाशील सदस्य, शुभेच्छुक तथा आम नागरिकप्रति उनले हार्दिक आभारसमेत प्रकट गरेका छन्। उनी मंगलवार नै रास्वपामा प्रवेश गरेका छन् ।

## दुर्गा प्रसाई रिहा

झापा, माघ ६ । सोमवार साँझ पोखराबाट पक्राउ परेका बीएण्डसी अस्पतालका संचालक एवं राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियानका संयोजक दुर्गा प्रसाईं रिहा भएका छन् ।



उनलाई २४ घण्टा नबित्दै रिहा गरिएको नागरिक बचाउ दलका अध्यक्ष माधव कल्पितले जानकारी दिए । निर्वाचन आयोगको विश्वसनीयतामाथि आँच आउने गरी भ्रामक प्रचार गरेको आरोपमा प्रसाईं पोखरामा पक्राउ परेका थिए । उनलाई पोखरा विमानस्थल नजिकैबाट कास्की प्रहरीले नियन्त्रणमा लिएको थियो । प्रसाईंले नेपाली कांग्रेसको विशेष महाधिवेशनपक्षले निर्वाचन आयोगलाई ५२ करोड रुपैयाँ बुझाएर निर्वाचन नतिजा आफ्नो पक्षमा पारेको भन्दै एक भिडियो सार्वजनिक गरेका थिए । उनलाई पक्राउ गरी काठमाण्डौ लगिएको थियो ।


**सुपर काईनेटिक एक्सप्रेस कुरियर**

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।

**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

**सम्पर्क:**
**फोन: ०२३-५४०४७८**
**मो: ९८५२६७७३५५**
**बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ**



## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

| चन्द्रगढी, भद्रपुर | दमक | मेचीनगर | उर्लाबारी | इलाम, मंगलबारे | काकँरभिट्टा | झापा बजार |
|---|---|---|---|---|---|---|
| लोकबहादुर कुँवर : ९८४२६८३९९६<br>द्रोण अधिकारी : ९८४२६२८७९१ | विष्णु सुब्बा : ९८५२६७०१३७<br>देविबहादुर बस्नेत : ९८१७९२४६२१ | चारआली : ९८४२७०३०१३<br>गोबिन्द घिमिरे : ९८१५६५०१५० | रुपेन्द्र शेर्मा : ९८४२०९२४०६<br>विराटनगर<br>क्रिएटिभ आई: ०२१-५२५६१० | रणवीर लिम्बू<br>९८१६९८४७५७ | फ्रेन्डसिप पुस्तक पसल<br>०२३-५६२४२४ | बरत राजवंशी<br>९८१७०४९००१ |


## आजको राशिफल

**मेष** भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडवडी भई कामकाजमा असर

**वृष** भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ

**मिथुन** रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।

**कर्कट** मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

**सिंह** दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।

**कन्या** आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

**तुला** सामान हराउने वा चोरी हुने सम्भावना छ ।

**वृश्चिक** दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

**धनु** आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**मकर** आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि

**कुम्भ** कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

**मिन** सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ